# कथाका क्रियाकलाप



११+
रमाइलो क्रियाकलाप

उमेर समूह ५-१०

Australian Aid

The Asia Foundation

Let's Read

An Initiative of Karkhana

**अस्वीकरण :**

यो **कथाका क्रियाकलाप** नामक प्रकाशन तथा संलग्न शैक्षिक सामग्री अष्ट्रेलिया सरकार, वैदेशिक मामिला तथा व्यापार विभागको सहयोगमा दी एसिया फाउण्डेसनद्धारा सञ्चालित कोभिड–१९ आकस्मिक प्रतिकार्य- शिक्षा सहयोग कार्यक्रम अन्तर्गत अनुवादित रूपमा तयार गरी साझेदार नगरपालिकामा निःशुल्क वितरणरका लागि उपलब्ध गराइएको हो । उल्लिखित प्रकाशन, अनुवादित सामग्री तथा संलग्न शैक्षिक सामग्रीमा व्यक्त विचारहरूले साझेदार नगरपालिका, अष्ट्रेलिया सरकार तथा दी एसिया फाउण्डेसनको आधिकारिक धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन । साथै प्रकाशनमा समावेश भएका कुनै पनि कथा वस्तु वा शैक्षिक सामग्रीमा हुनसक्ने सम्भाव्य त्रुटीहरूको लागि साझेदार नगरपालिका एवं अष्ट्रेलिया सरकार तथा दी एसिया फाउण्डेसन जिम्मेवार हुनेछैन ।

**बाल संरक्षण नीति :**

बालबालिका कुनै पनि वेला हेला, हिंसा, दुर्व्यवहार, विभेद, मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक समस्यामा पर्न सक्दछन् । उनीहरु विरूद्ध यौन दुर्व्यवहार, श्रम शोषण तथा बाल विवाह, बेचविखन एवं ओसार पसार जस्ता अपराध हुन सक्दछ । यसै गरी, बालबालिका हराउने, बेवारिसे फेला पर्ने तथा परि त्याग गरिएको पनि हुन सक्दछन् । यदि कुनै पनि बालबालिका यस्तै जोखिममा तथा समस्यामा परेका छन् भने बाल हेल्पलाइन नेपालको आपत्कालीन पैसा नलाग्ने फोन नं १०९८ मा सम्पर्क गर्न सकिन्छ । जोखिममा परेका बालबालिकालाई बाल हेल्पलाइनले तत्काल सहयोग र परामर्श गर्ने छ ।

# १० अंकल कार्ल र उनको पुरानो कार

## विद्यार्थीका लागि क्रियाकलाप

letsread.asia/UncleCarl

तिमीलाई अंकल कार्ल र उनको पुरानो कारको कथा पढेर रमाइलो भयो ?

मेकानिक मार्कले त्यो पुरानो कारले अझैसम्म काम गर्नुलाई चमत्कार ठाने । साँच्चै कारलाई केले चलाउँदैथ्यो होला त ? के यो चमत्कार नै थियो ? अथवा यो सामान्य कुरा थियो ? तिमीले कतै जाँदा सडक छेऊमा पेट्रोल र डिजेल हाल्ने पम्प देखेका छौ ?



अंकल कार्लको कार चल्न पेट्रोल अथवा डिजेल चाहिन्छ । के तिमीलाई यस्ता इन्धन बिना पनि कार चल्न सक्छ भन्ने थाहा छ ?


कतै उनको कार हावाबाट नै चल्ने हो कि ? हावाबाटै चल्ने भए त त्यसले उनको धेरै समय र पैसा जोगाउन सक्थ्यो । त्यसैले, अब अंकल कार्लका लागि एउटा बलुनबाट चल्ने कार बनाऔं ।

### बनाउनुअघि यी सामग्री छन् कि छैन् हेर ।

१. कार्डबोर्डको टुक्रा
२. बोतलको बिर्को
३. रबर ब्याण्ड
४.प्लास्टिकको नली
५.फुड स्टिक (सिन्का)
६.मास्किङ टेप
७.कैंची
८.बलुन




## आउ अब बलुन बाट चल्ने गाडी बनाऔं



**चरण १**

कार्डबोर्डका टुक्रा लेऊ र त्यसलाई आयत आकारमा काट । योचाहिं हाम्रो कारको चेसिस हुनेछ ।




**चरण २**

नलीलाई कार्डबोर्डको चौडाई बराबर काट र त्यसलाई कार्डबोर्डमा चित्रमा देखाइए झैं टेपले टाँस ।




**चरण ३**

चारवटै बोतलका बिर्कोमा सिन्काले प्वाल बनाऊ ।



**चरण ४**

दुईवटा लामो सिन्काहरूमा एक-एक वटा बोतलको बिर्को घुसाऊ ।




**चरण ५**

अब सिन्कालाई नलीभित्र घुसाऊ र सिन्काको अर्को छेऊमा पनि बोतलको बिर्को हाल । सिन्काको भाग धेरै लामो भएमा बढी भएको लम्बाई काट ।




**चरण ६**

नयाँ नली लेऊ र त्यसको एउटा छेऊमा रबर ब्यान्डले बलुनलाई बाँध ।



**चरण ७**

त्यस बलुनसहितको नलीलाई चेसिसमाथि टाँस । टाँसिसक्दा पनि नलीमार्फत् बलुनलाई फुक्न मिलोस् ।



**चरण ८**

तिम्रो बलुनबाट चल्ने कार तयार भयो । अब बलुनलाई फुक र कारलाई समतल सतहमा छोड ।

## सीप बढाऊ

१. यो कारलाई सजाएर अझै आकर्षक बनाऊ ।

२. अन्य वैकल्पिक सामग्रीहरू र विभिन्न आकारका बलुन राखी परीक्षण गर । परीक्षण गर्दा के भयो ? अवलोकनको विवरण बनाऊ र त्यसलाई कक्षामा प्रस्तुत गर ।





## दिमाग लगाऊ

१. बलुनभित्रको हावाले इन्धनका रूपमा काम गरी कारलाई अगाडि बढाउँछ । हावा भरिएको बलुनको सट्टा अरू के चिज प्रयोग गरेर तिमी यो कार चलाउन सक्छौ ?

२. एउटा बलुन प्रयोगबाट यो कार कसरी चल्यो होला ? विचार गर । यो कार चल्नुको वैज्ञानिक कारणबारे तिम्रा साथीहरूसित छलफल गर ।

## कार्यपुस्तिका

## अंकल कार्ल र उनको पुरानो कार

तिम्रो बलुन कारमा विभिन्न कुराहरु हेरफेर गर र यसले कारको गतिमा के फरक पार्छ, विवरण बनाऊ ।



### तिम्रो अवलोकनको विवरण राख्न तलको तालिकालाई प्रयोग गर ।

| तिमीले के परिवर्तन गर्‍यौ ? | कारको गतिमा के परिवर्तन भयो ? |
|---|---|
| मैले एउटा लामो बलुन प्रयोग गरें । | कार जथाभावी रूपमा चल्यो र तुरुन्तै रोकियो । |
| | |
| | |
| | |

**जानिराखौं** अंकल कार्ल र उनको पुरानो कार

## ऊर्जाका विभिन्न प्रकार

### वायु ऊर्जा



हावा चल्दा शक्ति प्राप्त हुन्छ । यसलाई वायु ऊर्जा भनिन्छ । जस्तै, चलिरहेको हावाबाट ऊर्जा निकाली विद्युत उत्पादन गर्न सकिन्छ । मानिसहरूले वायु ऊर्जा प्रयोग गरी मिल चलाउने र गहिरो इनारबाट पानी तान्ने काम पनि गर्छन् ।

### सौर्य ऊर्जा



सौर्य ऊर्जा सूर्यबाट पाइने शक्ति हो । सूर्यबाट प्रकाश, ताप र अन्य विभिन्न स्वरूपमा ऊर्जाहरू प्राप्त हुन्छ । सौर्य ऊर्जा संकलन गरी घर तातो बनाउन तथा विद्युत्त उत्पादन गर्न सकिन्छ ।

### विद्युत्तीय ऊर्जा



विद्युतीय ऊर्जाले कम्प्यूटर, फोन, घर, उद्योगलाई चाहिने शक्ति दिल्छ । विद्युत्तले नै आजको आधुनिक विश्व चलाउन सबभन्दा बढी ऊर्जा प्रदान गरेको छ ।

### ध्वनि ऊर्जा




Source: www.solarschools.net

ध्वनि पनि एक ऊर्जा हो जुन हामी सुन्न सक्छौं । ध्वनि ऊर्जा कम्पन वा तरङ्गका रूपमा प्रवाह हुन्छ ।